**बैठक संख्याः २०८२/८३-१०**

आज मिति २०८२ फाल्गुन २९ गते विहिबारका दिन बेलुकी ५ बजे सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुमकोट, रुकुम (पूर्वी भाग) मा सिस्ने गाउँ कार्यपालिकाका अध्यक्ष श्री कृष्ण रेग्मी ज्यूको अध्यक्षतामा बसेको सिस्ने गाउँ कार्यपालिकाको बैठकमा तपसिलको उपस्थितिमा देहायका विषयहरुमा आवश्यक छलफल गरी निर्णयहरु पारित गरियो ।

***तपसिलः***

| | |
|---|---|
| श्री कृष्ण रेग्मी | अध्यक्ष, सिस्ने गाउँ कार्यपालिका |
| श्री गोपाल रेउले | उपाध्यक्ष, सिस्ने गाउँ कार्यपालिका |
| श्री डिल्ली खड्का | सचिव, सिस्ने गाउँ कार्यपालिका |
| श्री रज बहादुर बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री कृष्ण बहादुर खड्का | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री हेराम खड्का | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री दलराज घर्ति | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री बिरेन्द्र बस्नेत | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री पूर्ण बहादुर मल्ल | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री शशिधर बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री गोपाल पुन | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री सूर्य बहादुर नेपाली | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री थल बहादुर सार्की | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री तिर्था पुन | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री सुपरी बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री मीना के.सी. | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री धन कुमारी बुढा खत्री | सदस्य, सिस्ने गाउँ कार्यपालिका |

***अन्य उपस्थितिः***

श्री अरुण कुमार वली प्रशासन शाखा प्रमुख

# सिस्ने गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
Google plus –JJ8H+R22 RUKUMKOT
रुकुमकोट, रुकुम (पूर्वी भाग)

लुम्बिनी प्रदेश, नेपाल


प.स. २०८२।८३
च.न.

**मिति २०८२/११/२९ गते बस्ने कार्यपालिकाको बैठकमा अध्यक्ष द्वारा प्रस्तवित एजेण्डा :**

१.अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्वन्धमा।

२.कार्यविधि/प्रतिबेदन स्वीकृति सम्बन्धमा ।

- गै.स.स. परिचालन तथा नियमन सम्बन्धि कार्यविधि २०८२
- लै.स.सा.स. परीक्षण प्रतिबेदन आ.व. २०८१/८२

३.एकिकृत घुम्ति सिविर संचालन सम्बन्धमा ।

४.आर्थिक सहायता सम्बन्धमा ।

५.सडक डिपिआर सम्बन्धमा ।

६.सामुदायिक स्वास्थ्य इकाइ पाखापानी भवन रङगरोगण सम्बन्धमा ।

७.सडक मर्मत सम्भारको रकम भुक्तानी सम्बन्धमा ।

८.आयोजना सिफारीस सम्बन्धमा ।

९.विविध ।

**प्रस्ताव नं १ अघिल्लो बैठकको समिक्षा सम्वन्धमा।**

**निर्णय नं १:**

यस अघि मिति २०८२/१०/२५ गते बसेको गाउँ कार्यपालिकाको बैठकका पारित निर्णयहरु कार्यान्वयन भए/नभएको भन्ने सम्बन्धमा ब्यापक छलफल गरि समिक्षा गरियो।

**प्रस्ताव नं २ कार्यविधि/प्रतिबेदन स्वीकृत सम्बन्धमा ।**

**निर्णय नं २:**

सिस्ने गाउँपालिकाको देहायका कार्यविधि/प्रतिबेदन स्वीकृत गर्ने निर्णय गरियो ।

- गै.स.स. परिचालन तथा नियमन सम्बन्धि कार्यविधि २०८२
- लै.स.सा.स. परीक्षण प्रतिबेदन आ.व. २०८१/८२ व्यापक छलफल गरि स्वकृत गरियो।
- सिस्ने गाउँपालिकाको आ.व. २०८१/८२ को लेखा परीक्षण प्रतिबेदन र यसमा मलेपबाट औल्याएका विविध पक्षहरु र बेरुजु फछ्र्यौटका बारेमा व्यापक छलफल गरियो ।

**प्रस्ताव नं ३ एकिकृत घुम्ति शिविर संचालन सम्बन्धमा ।**

**निर्णय नं ३:**

गाउँपालिकाको दैनिक सेवा प्रवाहलाई व्यवस्थित गर्ने र नागरिक घरदैलोमा सेवाको पहुच विस्तार गर्न गाउँपालिकाले दिने सबै प्रकारका सेवालाई प्रवाह गर्ने गरि देहायको कार्यतालिका अनुसार एकिकृत घुम्ति शिविर संचालन गर्ने निर्णय गरियो ।

| क्र. सं. | घुम्ति शिविर हुने स्थान | मिति | कैफियत |
|---|---|---|---|
| १ | ४ नं वडा कार्यालय, दादिङ | २०८२/१२/०५ | |
| २ | ३ नं वडा कार्यालय, पोखरा | २०८२/१२/०६ | |
| ३ | ८ नं वडा कार्यालय, धपे | २०८२/१२/०८ | |
| ४ | ७ नं वडा कार्यालय, सान्चौर | २०८२/१२/०९ | |

**प्रस्ताव नं ४ आर्थिक सहायता सम्बन्धमा ।**

**निर्णय नं ४:**

सिस्ने गाउँपालिकाको विभिन्न वडा कार्यालय बाट सिफारिस भै आएका तपशिलका व्यक्ति/संस्थाहरुलाई तपशिल बमोजिमको आर्थिक सहायता अध्यक्ष विपन्न सहायता शिर्षकबाट दिने निर्णय गरियो ।

| क्र.स. | आर्थिक सहायता पाउने व्यक्तिको नाम थर | ठेगाना | आर्थिक सहायता पाउने कारण | आर्थिक सहायता रकम |
|---|---|---|---|---|
| १. | मदन कुमार खड्का | सिस्ने गापा-३ रुकुम पुर्व | बैदेशिक रोजगारीमा मृत्यु भएको काजक्रिया खर्च बापत | रु २५ हजार |
| २. | दिपक शाह | सिस्ने गापा-५ | विपन्न असहाय भएकोले शौचालय निर्माण सहायता | रु २० हजार |

**प्रस्ताव नं ५ सडक डिपिआर गर्ने सम्बन्धमा ।**

**निर्णय नं ५:**

सिस्ने गाउँपालिका वडा नं ७ र ८ तथा रुकुम पश्चिम मुसिकोट नगरपालिका सम्म जोडने महत्वपुर्ण सडक आयोजना माग गर्नका लागि देहायको सडकको विस्तृत परियोजना प्रतिबेदन (DPR) लागत अनुमानका आधारमा पुजिँगत अनुसन्धान तथा परामर्श शिर्षकबाट गर्ने निर्णय गरियो ।

**"छिङ-भुरुङगा-लम्पाकोट-कानेबाङ-भिरघारी-रानीकोट सडक "**

**प्रस्ताव नं ६ सामुदायिक स्वास्थ्य इकाइ पाखापानी भवन रङरोगन सम्बन्धमा ।**

**निर्णय नं ६:**

सिस्ने गाउँपालिका वडा नं १ स्थित सामुदायिक स्वास्थ्य इकाइ पाखापनी भवन निर्माण कार्य गत आवमा प्रदेश सरकारको बजेट मार्फत सम्पन्न भएपनि रङगरोगनको काम गर्ने बाकी रहेकोले लागत अनुमानका आधारमा निर्मित सार्वजनिक सम्पतिको मर्मत सम्भार शिर्षकबाट उक्त रङरोगन कार्य गर्ने निर्णय गरियो।

**प्रस्ताव नं ७ सडक मर्मत सम्भारको रकम भुक्तानी सम्बन्धमा ।**

**निर्णय नं ७:**

वर्षातको समयमा ग्रामिण सडकहरु वाढि पहिरोका कारण क्षतिग्रस्त भएकाले दशैं तिहारको अवसरलाई समेत मध्यनजर गरी मर्मत सम्भार कार्य संचालन गरिएकोले वडा कार्यालयको निगरानी अनुसार भएको

समय प्रमाणित सिफारिस र प्राबिधिक मुल्याङकनका आधारमा सम्बन्धित निर्माण व्यावसायिलाई भुक्तानी दिने निर्णय गरियो ।

## प्रस्ताव नं ८ आयोजना सिफारिस सम्बन्धमा ।

**निर्णय नं ८:**

यस गाउँपालिका भित्र निर्माण गर्नुपर्ने तपसिलका पुल तथा तथा सडकहरु निर्माणका लागि संघिय तथा प्रदेशका सम्बन्धित निकायमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

<u>तपसिलः-</u>

| क्र .स. | सडक पुलको / नाम | योजना कार्यान्वयन हुने स्थान | सडक पुलको / लम्बाई | योजना कार्यान्वयन हुने स्थालमा जग्गा बिबाद तथा वनको क्षेत्र पर्नेनपर्ने/ | योजना कार्यान्वयन गर्न आवश्यक पर्ने कुल अनुमानित रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | रुकुमकोट--धपे-धाउने मोहडाँडा सडक कालोपत्रे | सिस्ने गा .पा. -.वडा नं ८ र ५,६,७ | १८ कि.मी. | जग्गा बिबाद नरहेकोबन क्षेत्र / नपर्ने | ७२ करोड | कर्णाली र लुम्बिनी प्रदेश जोड्ने सडकको रुपमा रहेको |
| २ | कुमाचुमैजा - सडक पुल | सिस्ने गा-.पा. र २ पुथाउत्तरगंगा .गापा१४-. | ८० मिटर | जग्गा बिबाद नरहेकोबन क्षेत्र / नपर्ने | १५ करोड | सिस्ने गार .पा. पुथा उत्तरगंगा जोड्ने .पा.गा पुल |
| ३ | पोखरा--सिस्ने-प्वाङ डोल्पा सडक | सिस्ने गा .पा. १,२-.वडा नं ४ र | ४० कि.मी. | जग्गा बिबाद नरहेकोबन क्षेत्र / नपर्ने | ८० करोड | कर्णाली र लुम्बिनी प्रदेश जोड्ने सडकको रुपमा रहेको |